# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

मितिः २०८३।०६।१३

## प्रेस विज्ञप्ति

### धितोपत्र दलाल व्यवसाय सुदृढीकरण नीति, २०८३ लागू गरिएको सम्बन्धमा।

नेपाल सरकार, अर्थ मन्त्रालयबाट मिति २०८३।०५।२९ मा जारी गरिएको 'पुँजी बजार सुदृढीकरण तथा पुनरूत्थान कार्ययोजना, २०८३' को बुँदा नं. ३ मा "धितोपत्र दलाल व्यवसायको संस्थागत सुधार तथा सुदृढीकरण नीति बोर्डले तत्काल सार्वजनिक गर्ने" उल्लेख भएको। सोही अनुरुप बोर्डले धितोपत्र दलाल व्यवसायलाई पर्याप्त पुँजी, व्यावसायिक व्यवस्थापन, आधुनिक प्रविधि, सबल जोखिम व्यवस्थापन तथा विविधीकृत धितोपत्रसम्बन्धी सेवा प्रदान गर्न सक्षम बजार मध्यस्थकर्ताका रूपमा विकास गर्ने उद्देश्यले 'धितोपत्र दलाल व्यवसाय सुदृढीकरण नीति, २०८३' लागू गरेको छ। यस नीतिको मूल दृष्टिकोण "सुदृढ पुँजी, व्यावसायिक सुशासन, आधुनिक प्रविधि, प्रभावकारी जोखिम व्यवस्थापन, निष्पक्ष बजार आचरण तथा उच्चस्तरीय ग्राहक संरक्षणमा आधारित सुदृढ, संस्थागत तथा प्रतिस्पर्धी धितोपत्र दलाल व्यवसायीको विकास" रहेको छ।

नीतिअनुसार धितोपत्र दलाल व्यवसायीलाई पुँजी, जोखिम वहन क्षमता, सेवा विविधीकरण र संस्थागत क्षमताका आधारमा चार श्रेणीमा वर्गीकरण गरिएको छ। श्रेणी 'क' मा धितोपत्र व्यापारी (Stock Dealer), 'ख' मा पूर्ण सेवा धितोपत्र दलाल (Full Service Stock Broker), 'ग' मा कारोबारमुखी धितोपत्र दलाल (Trading Stock Broker) र 'घ' मा विशिष्टीकृत धितोपत्र दलाल (Specialized Stock Broker) रहने प्रस्ताव गरिएको छ।

नीतिले मार्जिन कारोबार, धितोपत्र सापटी तथा उधारो, सर्ट सेलिङ, अन्तरदिवसीय कारोबार तथा बजार निर्माता जस्ता गतिविधिका लागि छुट्टाछुट्टै स्वीकृति आवश्यक हुने व्यवस्था गरेको छ। त्यस्तै, ग्राहक गुनासो व्यवस्थापन, लगानीकर्ता क्षतिपूर्ति कोष तथा ग्राहकलाई दैनिक वा वास्तविक समयको विवरण उपलब्ध गराउने, संकटग्रस्त धितोपत्र दलाल व्यवसायीको Resolution Framework को व्यवस्थालाई समेत नीतिमा समेटिएको छ।

नीतिले दलाल व्यवसायीको न्यूनतम चुक्ता पुँजीसँगै जोखिममा आधारित पुँजी पर्याप्तता कायम गर्नुपर्ने व्यवस्था गरेको छ। प्रविधि र साइबर सुरक्षातर्फ डिजिटल केवाईसी, मल्टी-फ्याक्टर अथेन्टिकेसन, अर्डर तथा जोखिम व्यवस्थापन प्रणाली, साइबर सुरक्षा संरचना, नियमित आईटी अडिट र पेनिट्रेसन टेस्टिङलाई अनिवार्य बनाउने प्रस्ताव गरिएको छ।

पोष्ट बक्स नं. ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं. ००९७७–१–५२५४०५७, ५२५३१६२, ५४४०७७, फ्याक्स नं.५५४१०५
टोल फ्रि नं. १६६०–०१–४४४३३, इमेल:support@sebon.gov.np, साइट:www.sebon.gov.np

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

यसैगरी, दलाल व्यवसायमा मर्जर, प्राप्ति तथा व्यावसायिक एकीकरणलाई सहजीकरण गर्ने नीति लिइएको छ। विद्यमान दलाल व्यवसायीलाई नयाँ मापदण्डमा ल्याउन संक्रमणकालीन अवधि दिई Gap Assessment, Compliance Plan, पुँजी तथा प्रविधि स्तरोन्नति र पुनःवर्गीकरणको प्रक्रिया अघि बढाइनेछ। धितोपत्र दलाल व्यवसाय सुदृढीकरण नीति तीन चरणः संस्थागत सुदृढीकरण, बजार सेवा विस्तार र एकीकृत धितोपत्र मध्यस्थता प्रणालीको विकास अनुसार क्रमशः कार्यान्वयन गरिनेछ।

(तोलाकान्त न्यौपाने)
सहायक प्रवक्ता

पोष्ट बक्स नं. ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं. ००९७७–१–५२५४०५७, ५२५३१६२, ५४४४०७७, फ्याक्स नं.५५४१०५
टोल फ्रि नं. १६६०–०१–४४४३३, इमेलः support@sebon.gov.np, साइटः www.sebon.gov.np